म्याग्दे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

छाङ, तनहुँ

२०७३

गण्डकी प्रदेश, नेपाल

संख्या : २०७७/०७८

मिति : २०७८/०२/०१

सुचना सुचना सुचना

**विषय : –** कोभीड १९ नियन्त्रण सम्वन्धी पुन तेश्रो निर्णय कार्यन्वयन सम्वन्धमा ।

श्री सरोकार निकाय सवै
म्याग्दे गाउपालीका तनहु

प्रस्तुत विषय सम्बन्धमा मिति २०७८।०१।३१ गते तनहु का प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा वसेको वैठक सगै निषेधाज्ञा जारी सम्वन्धी पत्र तथा दैनिक रुपमा देखीएको कोभिड १९ रोगको संकमणदर सगैको उच्च जोखीम, र वर्तमान परिस्थीती समेतको विश्लेषण र आकलन गरी आजै मिति २०७८।०२।०१ गते वसेको गाउ कार्यपालीकाको ११० औ वैठकले गरेको निर्णय अनुसार तपशिल बमोजिम ८ वुदा कार्यन्वयन गर्नु गराउनुहुन यसै सुचना मार्फत जानकारी गराईन्छ ।

**तपशिल**

**२.१,** आजै कार्यलयको सुचना पाटीमा ३ दिने सुचना प्रकाशन गरी प्राप्त भएका आवेदन वाट जामुने कोभिड अस्पताल को लागी तत्कालको आवश्यक्ता समेतका आधारमा १ जना मेडीकल डाक्टर लाई २ महिना को लागी मात्र सोझै करार गर्ने ।

**२.२,** गाउपालीकाको कोभिड कोषमा हाल वजेट कमी रहेको साथै मिति २०७८।०१।२२ को कार्यपालीका निर्णय अनुसार कोभिड नियन्त्रण को लागी सम्पुर्ण ब्यवस्थापकीय कार्य गर्ने प्रयोजनमा हुने नपुग रकम निकाशाको लागी नेपाल सरकार र प्रदेश सरकार सग अनुरोध गर्ने ।

**२.३,** सेवा प्रवाहा तथा शिक्षण सस्था सञ्चालन सम्बन्धमा गाउ कार्यपालीका को मिति २०७८।०१।२२ को निर्णय अनुसार को परिस्थीती को निरन्तरता तथा जिल्ला प्रशासन कार्यलय तनहुको मिति २०७८।०१।३१ को निशेधाज्ञा जारी सुचना बमोजिम नै (सरकारी, निजि, गैरसरकारी ) अत्यावश्यक सेवा वाहेक का सवै सेवाहरु मिति २०७८।०२।१५ सम्म वन्द गर्ने , तर गाउपालीका भित्र रहेका सरकारी कारोवार र नागरीकको निक्षेप तथा वचत संकलन गर्ने वैंक तथा वितिय सस्था र सहकारी सस्थाहरुको हकमा मात्र उपभोक्ता समिति, निर्माण ब्यबसायी र नागरीकको आवश्यक्ता र माग अनुसार हप्तामा ३ दिन दैनिक ३ घण्टा, सिमित कर्मचारी आलोपालो गरी स्वास्थ्यको मापदण्ड पुर्ण पालना गराई (सामाजीक सुरक्षा वाहेक) सरकारी कारोवार को भुक्तानी तथा नागरीकको संकलीत निक्षेप रकम माग अनुसार भुक्तानी गर्ने

०७८/०२/०१

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

र सो को अतिरिक्त आ– आफनो आन्तरीक कार्य गर्ने प्रयोजनको लागी, आ– आफै कार्ययोजना बनाई सोही अनुसार सुचना प्रकाशन गरी कार्यन्वयन गर्ने गराउने ।

**२.४,** गाउपालीका तथा वडा वाट स्वीकृत योजना तथा विकाश निर्माण लाई स्वास्थ्य मापदण्ड पालना गरी निरन्तरता दिनेगरी उपभोक्ता समिति गठन भईसकेका तर सम्झौता हुन वाकी रहेका योजनाहरु ,सम्झौता भई कार्यन्वयनमा रहेका तथा सम्पन्न भएका योजनाहरुको हकमा क्रमश प्राविधिक मुल्याङ्कन,कागजात पेश, सम्झौता र भुक्तानी सम्बन्धमा तपशिल बमोजिम गर्ने गराउने । तर सो को लागी वडाको सिफारीस तथा प्राविधिक जनशक्ती परिचालन भने मागको आधारमा स्वास्थ्य मापदण्ड पालना गरी समय समयमा गर्ने ।

**तपशिल**

| सि.न. | सेवा प्रवाहा गतीविधि विषयहरु | उपभोक्ता तथा ठेकेदार ले पेश गर्ने कागजात समय | योजना र प्राविधिक शाखा ले कागजात तयार गर्ने समय | योजना, प्राविधिक लेखा र प्रमुख प्रशासकिय अधिकृत ले गर्ने सम्झौता तथा कार्यदेश र भुक्तानी समय | उपभोक्ता तथा ठेकेदार लाई सम्झौता को कागजात तथा भुक्तानी को चेक उपलब्ध गराउने समय |
|---|---|---|---|---|---|
| ०१ | योजना सम्झौता | जेठ ५ र ९ गते | जेठ ६ र १० गते | जेठ ७ र ११ गते | जेठ १० र १४ गते |
| ०२ | सम्पन्न योजना को भुक्तानी | जेठ ६ र १० गते | जेठ ७ र ११ गते | जेठ ९ र १३ गते | जेठ १० र १४ गते |

**२.५** घरमा आइसोलेसन वस्न नसक्ने को हकमा मात्र वडा न. १ देखी ७ सम्म तपशिल का स्थानमा कोभिड १९ का कम जोखीम भएका विरामी लाई राख्ने गरी आईसोलेशन स्थापना गर्ने तर सो आईसोलेसन केन्द्र मा वती र पानी ब्यबस्थापन गाउपालीका ले गर्ने वाकी स्वयम ब्यक्ती मार्फत नै गराउने ।

२०७८।०२।०७
नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# म्याग्दे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
छाङ, तनहुँ
२०७३

गण्डकी प्रदेश, नेपाल

तपशिल

| सि.न. | वडा न. | आईसोलेसन १ | आईसोलेसन २ | आईसोलेसन ३ | आईसोलेसन ४ |
|---|---|---|---|---|---|
| ०१ | १ | महेन्द्र मा.वि.गुणादी | कुल ज्योती आ.वि.वाखे | विजय आधारभुत विद्यालय मानुङ्ग | थानिदेवी प्रा.वि. वर्च्याङ्ग |
| ०२ | २ | उमादेवी प्रा.वि. | रिषीथुम आ.वि. | राधा मा.वि. जामुने | – |
| ०३ | ३ | जनगणपती मा.वि. | रविचन्द्र प्रा.वि किल्चोक | – | – |
| ०४ | ४ | मिन मा.वि. | गणेश मा.वि. | जनप्रकाश आ.वि. | – |
| ०५ | ५ | जनशक्ती प्रा.वि. | हिरामणी प्रा.वि. | पञ्चकन्या प्रा वि | वोटेनी सामुदायीक भवन |
| ०६ | ६ | अकला आ.वि. | अकला सामुदायीक सिकाई केन्द्र | – | – |
| ०७ | ७ | मिलीजुली प्रा.वि. मिजेथुङ्ग | सरस्वती आ.वि. हर्कपुर | देवी दलीत सामुदायीक भवन तिलाहाटार | – |
| | | | | | |
| | जम्मा | | | | |

**२.६** पी.सी.आर. परिक्षणको दायरा थप वृद्धि गर्ने ।

**२.७** म्याग्दे वासी सम्पुर्ण नागरीक लाई घरमै वस्न र माहामारी वाट सचेत र सर्तक हुनको लागी पुन अनुरोध गर्ने ।

**२.८,** हिजो मिति २०७८।०१।३१ मा तनहुका प्रमुख जिल्ला अधिकारी को अध्यक्षता मा वसेको डी.सी.सी.एम.सी. को वैठकको निर्णय सगै प्रमुख जिल्ला अधिकारी वाट जारी निशेधाज्ञा कार्यन्वयन सम्बन्धी ९ वुदे निर्देशन सम्बन्धमा माथीका विषयसग नवाभीने गरी सवै विषयहरु हुवहु कार्यन्वयन गर्ने गराउने ।

०७८।०२।०१
नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

**वोधार्थ**

श्री जिल्ला प्रशासन कार्यलय तनहु ।

श्री वडा कार्यलय, विषयगत शाखा सबै

Scanned with CamScanner